उमाकुण्ड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

प्रिति, रामेछाप

बागमती प्रदेश, नेपाल

फोन नं ०४६-६९१९२९

पत्र सङ्ख्या:-०७७/०७८

चलानी नं:-

मिती:-२०७८/०१/२१

## अत्यन्त जरुरी सूचना

प्रस्तुत विषयमा नयाँ भेरियन्ट सहितको कोभिड-१९ महामारीको दोश्रो लहर चलिरहेको र कोभिड-१९ को संक्रमण तिब्र गतिमा फैलिरहेको छ । यसको असर तथा प्रभाव देशैभर फैलिरहेको सन्दर्भमा रामेछाप जिल्लामा पनि संक्रमितहरुको संख्या बढिरहेको छ । उमाकुण्ड गाउँपालिकाको छिमेकी गाउँपालिकाहरुमा समेत यसको असर र प्रभाव परि कोभिड-१९ को संक्रमण तिब्र रुपमा फैलिरहेको सन्दर्भमा उमाकुण्ड गाउँपालिकामा पनि कोभिड-१९ को संक्रमण फैलन सक्ने देखिन्छ, तसर्थ कोभिड-१९ रोकथाम र नियन्त्रणको लागी तपशिल बमोजिमको सजकता अपनाईदिनुहुन सम्पुर्ण उमाकुण्ड बासी दाजुभाई तथा दिदीबहिनीहरु र सम्वन्धित सवैमा हार्दिक अनुरोध गरिन्छ ।

तपशिल

१.कुनै पनि किसिमको सभा, सेमिनार, गोष्ठि, भेला जस्ता कार्यक्रमहरु नगर्ने, भिडभाड भएको स्थानमा सकभर नजाने ।

२.अत्यावश्यक काम नपरि घर बाहिर ननिस्कने ।

३.मास्कको अनिवार्य प्रयोग गर्ने, भौतिक दुरी कायम गर्ने ।

४.यस गाउँपालिकामा संचालित विभिन्न साना ठुला आयोजनाहरु संचालन गर्दा स्वास्थ्य सुरक्षाको मापदण्डको अनिवार्य प्रयोग गरि गर्ने । आयोजना स्थलमा भौतिक दुरी कायम गर्ने, मास्क तथा सेनिटाईजरको प्रयोग गर्ने र कामदार बाहिरबाट ल्याउनु पर्ने भए आयोजना स्थलमा १० दिन सम्म अनिवार्य क्वारेन्टाईनमा राख्ने ।

५. अन्य स्थानबाट उमाकुण्ड गाउँपालिका प्रवेश गर्ने नागरिकहरु अनिवार्य रुपमा १० दिन सम्म होम क्वारेन्टाईन मा बस्ने ।

६. कोभिड-१९ सँग सम्वन्धित कुनै लक्षण देखिएमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।

कोभिड-१९ रोकथाम तथा नियन्त्रणको लागी हामी सवै सचेत बनौ ।

.........................

श्री ईश्वरी प्रसाद सुवेदी

प्रमुख प्रशासकीय अधिकृत

ईश्वरी प्रसाद सुवेदी
प्रमुख प्रशासकिय अधिकृत